कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं.:-२०८०।०८१
च.नं.:-

१ नं. प्रदेश ,नेपाल

मितिः२०८०।१२।१४

# पशुपन्छीपालक कृषक प्रोत्साहन कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत **उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम** कार्यान्वयन गर्न पालिकाको **"पशुपन्छीपालक कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०"** बमोजिम प्रोत्साहन कार्यक्रममा सहभागी हुन इच्छुक बाख्रापालन गरिरहेका कृषक, व्यवसायिक फर्म तथा निजि उद्यमीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**कार्यक्रमको विवरणः**

| क्र.स. | कार्यक्रमको नाम | लक्षित वर्ग | कृषक छनोटका न्युनतम मापदण्ड | प्रोत्साहन रकमको सिमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | बाख्रापालक कृषक, व्यवसायिक फर्म तथा निजि उद्यमी | कम्तिमा २५ माउ बाख्रापालन गरेको वा कम्तिमा ५० वटा वयस्क खसी, बोका, बाख्रा पालन गरेको वा वार्षिक ८० वटा पाठापाठी वा २० वटा खसि बोका उत्पादन गरेको हुनुपर्ने। | हरेक प्रोत्साहनग्राहीलाई न्युनतम २०,००० देखि अधिकतम ३०,००० सम्म प्रोत्साहन रकम दिइनेछ। | |

**आवश्यक कागजातहरुः**

- ✓ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस।
- ✓ उत्पादन परिमाण खुल्ने सम्बन्धित टोलका ५ जना छिमेकीहरु( चारै किल्ला)को मुचुल्का।
- ✓ जग्गाको तिरो तिरेको रसिद , जग्गा भाडामा भए भाडामा लिएको सम्झौताको प्रतिलिपी।
- ✓ निजि फर्मको हकमा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, नवीकरण र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।

गणेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

फोन :०२४-४१३०६१
इमेलः kummayakgaupalika@gmail.com, वेवसाइटः www.kummayakmun.gov.np
"सामाजिक आर्थिक विकासको पूर्वाधार ,समृद्ध कुम्मायकको आधार"